प्रस्तावहरुः

१. अध्ययन बिदा स्वीकृतिको लागि सिफारिस सम्बन्धमा।
२. म्याद थप सम्बन्धमा।
३. बहुक्षेत्रिय पोषण कार्यक्रम सम्बन्धमा।
४. विविध सम्बन्धमा।

निर्णयहरुः

१. कर्मचारी समायोजन ऐन २०७५, बमोजिम यस गाउँपालिकामा समायोजन भएका तपसिल बमोजिमका कर्मचारीहरुलाई उच्च शिक्षा अध्ययनको लागि आवश्यक पर्ने (३वर्ष) बिदा स्वीकृतीको लागि प्रदेश प्रमुख सचिव, मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशमा सिफारिस गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.स. | कर्मचारीको नाम/थर | संकेत नम्बर | हालको पदको विवरण | अध्ययन गर्न चाहेको संकाय |
|---|---|---|---|---|
| १ | अनिता थापा | २२१०७० | सि.अ.न.मि.(पाँचौ तह) | PCL Nursing |

२. ऐरावती गाउँपालिकाको वडा नं. ६ मा निर्माणाधीन झिम्रुक लिप्ट खानेपानीको निर्माण कम्पनि जोशि/आँसु/ईशान जे.भि काठमाण्डौले मिति २०८१/०६/०६ गते पेस गरेको ठेक्का म्याद थप सम्बन्धि निवेदन उपर छलफल तथा परामर्श गर्दा, स्थलगत अनुगमन तथा प्राविधिक प्रतिवेदन समेतका आधारमा आगामी गाउँ सभाबाट अनुमोदन गर्ने गरी एक पटकका लागि शुरु लागत अनुमानको दरभन्दा बढी नहुने र तत्काल काम शुचारु गर्ने गरी २०८२ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

३. ऐरावती गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा बहुक्षेत्रिय पोषण कार्यक्रमको लागि विनियोजित बजेटबाट देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न स्वीकृत दिने निर्णय गरियो।

| क.स | क्रियाकलापहरुको विवरण | प्रति ईकाई मुल्य | संघीय | पालिका | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन कार्यक्रम | ७००,००० | ७००,००० | ० | ७००००० |
| २ | पोषणमैत्री स्थानिय शासन प्रवद्र्धन कार्यक्रम | १००,००० | १००,००० | ० | १००००० |
| ३ | बहु क्षेत्रीय पोषण कार्यक्रमका पोषण सहजकर्ताको पारिश्रमिक | २५,००० | ३२५,००० | ० | ३२५००० |
| ४ | पोषण सहजकर्ताको पोषाक | १०,००० | १०,००० | | १०००० |
| ५ | गाउंपालिका स्तरीय पोषण खाद्य सूरक्षा निर्देशक समितिको बैठक | ३३,००० | ० | ९९,००० | ९९००० |
| ६ | वडा स्तरीय पोषण खाद्य सूरक्षा सहजिकरण कार्यान्वयन बैठक २ पटक | ६०,००० | ० | १२०,००० | १२०००० |
| ७ | पोषण कर्नर स्थापना | ३५,००० | ० | ३५,००० | ३५००० |
| ८ | वडामा गठन भएका युवा बालसञ्जालका सदस्यलाई पोषण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | २००,४०० | ० | २००,४०० | २००४०० |
| ९ | बाल पोषण भत्ता वितरणको समयमा बालपोषणको महत्व र उच्चतम सदुपयोग सम्बन्धी सचेतना अभिमूखीकरण कार्यक्रम | २२७,१०० | ० | २२७,१०० | २२७१०० |
| १० | स्थानीय विपद् व्यवस्थापन योजनामा विपद पूर्व र विपद पश्चात गरिने पोषण केन्द्रित पूर्व तयारीको योजना समावेश कार्यक्रम | ३०,००० | ० | ३०,००० | ३०००० |
| ११ | स्थानीयस्तरमा पाईने रैथाने बाली प्रवर्द्धन सम्बन्धी कार्यक्रम कम्पोजिट विँउ वितरण | १९८,६०० | ० | १९८,६०० | १९८६०० |
| १२ | सुनौला हजार दिनका आमाहरुलाई कुखुराको चल्ला वितरण कार्यक्रम | २७०,००० | ० | २७०,००० | २७०००० |
| १३ | सुनौला हजार दिनका घरपरिवारका सासु बुहारी वा श्रीमान श्रीमती बीच पोषण सम्बन्धीअभिमूखीकरण कार्यक्रम | २१९,९०० | ० | २१९,९०० | २१९९०० |
| | **जम्मा** | | १,१३५,००० | १,४००,००० | **२५३५०००** |

४. विविधः

- ऐरावती गाउँपालिका पूर्वाधार शाखा प्रमुख ई. सन्तोष नेपालीले प्रयोग गर्ने लु १ ब ३०६१ नम्बरको मोटरसाईकल मर्मतको लागि रु १४ हजार रुपैया उपलब्ध गराउने निर्णय गरियो।
- ऐरावती गाउँपालिका वडा नं. ४ अन्तर्गत वेतनी खानेपानी आयोजनाको मिति २०८१/०६/१० देखि १२ गते सम्म परेको अविरल वर्षाका कारण खानेपानी पाईप पहिरोले बगाएकोले खानेपानी आयोजना शुचारु गर्नको लागि खानेपानी पाईप खरिको लागि विपद् ब्यवस्थापन कोषबाट रु २ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो।

नविल विक्रम शाह
अध्यक्ष